# जिल्ला समन्वय समितिको कार्यालय

धनुषा, जनकपुरधाम

## बोलपत्र आव्हानको सूचना

सूचना प्रकाशित मिति : २०७४/०१/१४

यस कार्यालयवाट चालु आ.व.०७३।७४ मा जि.स.स. वाट तपशिलमा उल्लेखित योजनाको निर्माण कार्य ठेक्काबाट गराउनु पर्ने भएकाले नेपाल सरकारबाट ईजाजत पत्र प्राप्त योग्य निर्माण व्यवसायीहरुबाट निम्न शर्तहरुको अधिनमा रही रीतपूर्वकको शिलबन्दि बोलपत्र आव्हान गरिएको छ ।

**शर्तहरु**

१. बोलपत्र/दरभाउपत्र फाराम प्रथम पटक सूचना प्रकाशन भएको मितिले दरभाउपत्रको हकमा १५ (पन्द्रह) औं दिन र बोलपत्रको हकमा ३० (तीस) औं दिन भित्र यस कार्यालयको ने.रा.बैंक जनकपुर मा रहेको खाता नं. १६०४७०१/००१-१४३-५२४ मा दरभाउपत्रको हकमा रु. १०००/- (रु. एक हजार, पछि फिर्ता नहुने गरी ) र बोलपत्रको हकमा रु.३०००/- (रु. तीन हजार,पछि फिर्ता नहुने गरी ) जम्मा गरेको सक्कल भौचर वा नगदै बुझाई नगदी रसिद साथ नविकरण भएको ठेक्का ईजाजत पत्र तथा स्थायी लेखा नम्बर (PAN) र भ्याट दर्ता प्रमाण पत्रको प्रतिलिपि, आ.ब. ०७२/७३ सम्मको कर चुक्ता प्रमाणपत्र को प्रतिलिपि निवेदन साथ पेश गरी कार्यालय समय भित्र खरिद गर्न सकिने छ ।

२. रितपुर्वक भरिएको बोलपत्र फाराम प्रथम पटक सूचना प्रकाशित भएको मितिले दरभाउपत्रको हकमा १६ (सोह्र) औं दिन र बोलपत्रको हकमा ३१ (एकतीस) औं दिन, दिनको १२.०० बजे सम्ममा यस कार्यालयमा दर्ता गरि सक्नु पर्नेछ साथै सोही दिनको २.०० बजे यस कार्यालयमा बोलपत्र दाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बोलपत्र खोलिनेछ , बोलपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

३. बोलपत्र साथ तपशिलमा उल्लेखित धरौटी वापतको रकम यस कार्यालको ने.रा.बैंक जनकपुर मा रहेको धरौटी खाता नं. धरौटी-१६०४७०१-००१-०३०-५२४ मा नगद जम्मा गरेको सक्कल भौचर वा सो रकम बरावरको नेपाल सरकारको मान्यता प्राप्त बैंकहरु (बिडबण्ड जारी गर्न सक्ने अधिकार प्राप्त बैंक) बाट घटिमा चार महिनाको म्याद भएको सक्कल बिडबँण्ड (Bid Security) पेश गर्नु पर्ने छ ।

४. बोलपत्रमा दररेट उल्लेख गर्दा Bill Of Quantity को प्रत्येक Item को अंक र अक्षर दुवैमा स्पष्ट भर्नु पर्नेछ । केरमेट भई अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

५. दररेट भर्दा मूल्य अभिवृद्धि कर बाहेकको दररेट भर्नु पर्नेछ ।

६. बोलपत्र दाखिला गर्दा शिलबन्दी खामको बाहिर यस कार्यालयको नाम, ठेक्का नं., कामको विवरण, बोलपत्र दाताको नाम, ठेगाना आदी स्पष्ट रुपमा खुलाउनु पर्नेछ ।

७. बोलपत्र खरिद गर्ने वा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा क्रमश: कार्यालय खुलेको पहिलो दिनको सोही समय कायम हुनेछ ।

८. एक फर्मको नामबाट खरिद भएको बोलपत्र अर्को फर्मको नामबाट दर्ता गर्न पाईने छैन ।

९. रित नपुगी शर्त राखी वा म्याद नाघी आएको बोलपत्र माथि कार्यवाही हुने छैन ।

१०. बोलपत्र आंशिक रुपमा वा पुर्ण रुपमा स्वीकृत वा अस्वीकृत गर्ने अधिकार यस कार्यालयमा निहित रहने छ ।

११. सूचनामा उल्लेख भएकोमा सोही वमोजिम र अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ अनुसार हुनेछ ।

<u>तपशिल:</u>

| सि.नं. | ठे.नं. | ठेक्काको किसिम | कामको विवरण | ल.ई. रकम (भ्याट र कन्टिन्जेन्सी वाहेक) | धरौटी रकम रु. |
|---|---|---|---|---|---|
| १ | Rd-57/073-74 | **दरभाउपत्र** | स्लैब कल्भर्ट निर्माण कार्य, भलसारी पैनी, खरिहानी | ८४६७७९.३२ | २५०००.०० |
| २ | Bldg-58/073-74 | **दरभाउपत्र** | माथिललो तल्लामा किचेन सेड निर्माण, अधिकृत संगम, धनुषा | ६४६४२४.८० | १९०००.०० |
| ३ | Irri-59/073-74 | **दरभाउपत्र** | एकडारा सिंचाई योजना, रघुनाथपुर | ६८९२०७.६० | २०५००.०० |
| ४ | Rd-60/073-74 | **दरभाउपत्र** | कमला सीताघाट रघुनाथपुर डुमरिया अन्हेरबाँट सडक | १८१००६६.५८ | ५३५००.०० |
| ५ | Bldg-61/073-74 | **दरभाउपत्र** | शैचालय निर्माण कार्य, बाह्रबिग्हा, जनकपुरधाम | १३७९४१५.५५ | ४१०००.०० |
| ६ | Bldg-62/073-74 | **बोलपत्र** | पर्खाल निर्माण, मिथिला म्युजियम, जनकपुरधाम | ५९९१४७३.४० | १७६५००.०० |

स्थानीय विकास अधिकारी